केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४११४०७
फ्याक्स : ४१४५५२
E-mail : <bkpromot@htp.com.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/२३/०६५/६६ मिति : २०६५/०९/०६

**सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको लागि देहायका विषयका सम्बन्धमा देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१. नेपाल स्टक एक्स्चेन्ज लिमिटेडमा सूचिकृत कम्पनीहरुको शेयरको धितोमा बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाह हुने Margin Lending प्रकृतिको कर्जाका सम्बन्धमा यस बैंकबाट प.सं.बैं.वि.नि.वि./नीति/ परिपत्र/१३/०६४/६५ मिति २०६४/६/२० मा जारी भएको परिपत्रको बुँदा नं. ३ मा उल्लेख भएको *यसरी प्रवाह भएको कर्जाको अवधि एक वर्षभन्दा बढी हुन नहुने र त्यस्तो कर्जा नवीकरण, पुर्नसंरचना र पुर्नतालिकीकरण गर्न समेत पाइने छैन ।* भन्ने व्यवस्थालाई परिमार्जन गरी उक्त बुँदा नं. ३ को सट्टामा निम्नानुसारको बुँदा नं. ३ कायम गरिएको छ ।

***यसरी प्रवाह भएको कर्जाको अवधि एक वर्षभन्दा बढी हुन नहुने र त्यस्तो कर्जा नवीकरण, पुर्नसंरचना र पुर्नतालिकीकरण गर्न समेत पाइने छैन । तर, अन्य प्रयोजनको लागि प्रवाह भएको कर्जाको लागि थप सुरक्षणस्वरुप ऋणीले दिएको शेयर धितोको हकमा यो व्यवस्था लागू हुने छैन । साथै, त्यस्तो कर्जा कुन प्रयोजनका लागि प्रवाह गरिएको वा उपयोग भएको भन्ने सम्बन्धमा सम्बन्धित बैंक/वित्तीय संस्थाले आवश्यक सूचना, तथ्यांक र विवरण सम्बन्धित कर्जा फाइलमा अद्यावधिक गरेको हुनुपर्नेछ ।***

२. बैंक तथा वित्तीय संस्थाले सुरक्षण नराखिएको सहायक आवधिक ऋणपत्र (Subordinated Term Debt) र भुक्तानी योग्य अपरिवर्तनीय अग्राधिकार शेयर (Redeemable Non-Convertible Preference Share) जारी गर्दा यस सम्बन्धी विद्यमान व्यवस्थालाई यथावत कायम गरी निम्न शर्तहरुको अधीनमा रहनु पर्ने व्यवस्था गरिएको छ ।।

शर्तहरु:

(१) कुनै पनि सुरक्षण नराखी निष्काशन गर्नुपर्ने,

(२) अवधि तोकेको हुनुपर्ने,

(३) ऋणपत्र/भुक्तानीयोग्य अपरिवर्तनीय अग्राधिकार शेयरमा प्रदान गरिने व्याज/लाभांस भुक्तानी गर्ने अवधि, वार्षिक व्याजदर प्रतिशतमा तोक्नुपर्ने, व्याजदर परिवर्तन गर्न नपाइने र आर्जित व्याज रकममा आयकर ऐन अनुसार आयकर लाग्ने/लगाउने व्यवस्था गर्नुपर्ने,

(४) बैंक विघटन भएको अवस्थामा ऋणपत्र/भुक्तानीयोग्य अपरिवर्तनीय अग्राधिकार शेयरको भुक्तानी निक्षेपकर्ताभन्दा पछि मात्र हुने,

(५) ऋणपत्र/भुक्तानीयोग्य अपरिवर्तनीय अग्राधिकार शेयर जारी भएको मितिले ६ महिना भित्रमा नेपाल धितोपत्र विनिमय बजारमा सूचिकृत गर्नुपर्ने,

(६) ऋणपत्र/भुक्तानीयोग्य अपरिवर्तनीय अग्राधिकार शेयर निष्काशन गर्नु अघि तयार गरिने विवरणपत्र यस बैंकको सहमति लिएर मात्र प्रकाशित गर्नुपर्ने,

(७) ऋणपत्र/भुक्तानीयोग्य अपरिवर्तनीय अग्राधिकार शेयरको रकम भुक्तानी गर्न सिर्जना गरिने ऋणपत्र भुक्तानी कोष (Debt/Prefernce Share Redemption Reserve) को व्यवस्था गर्न निम्नानुसार कोष सिर्जना गरेको हुनुपर्ने ।

(क) निश्कासन गरिएको आर्थिक वर्ष र भुक्तानी हुने आर्थिक वर्ष त्यस्तो भुक्तानी कोष (Redemption Reserve) मा कुनै रकम विनियोजन नगरेपनि हुने,

(ख) भुक्तानी अवधि बाँकी रहेसम्म त्यसपछिका प्रत्येक वर्ष बार्षिक मुनाफाबाट कम्तीमा समानुपातिक आधारमा (Proportionate Basis) रकम छुट्याउनु पर्ने,

(ग) खण्ड (ख) बमोजिम समानुपातिक आधारमा छुट्याउनुपर्ने रकम भन्दा बढी रकम छुट्याउने भएमा

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४११४०७
फ्याक्स : ४१४५५२
E-mail : <bkpromot@htp.com.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

कुन आर्थिक वर्षमा कति रकम छुट्याउने हो स्पष्ट उल्लेख गर्नुपर्ने ।

(८) Private Placement को आधारमा विक्री गरिने ऋणपत्र/भुक्तानीयोग्य अपरिवर्तनीय अग्राधिकार शेयरको सम्बन्धमा कुनै संघ/संस्थासंग अग्रिम कुनै सम्झौता भएको भए सो सम्झौताको प्रतिलिपि पेश गर्नु पर्ने,

(९) यदि कुनै पक्षले सो पक्षलाई छुट्याइएको ऋणपत्र/भुक्तानीयोग्य अपरिवर्तनीय अग्राधिकार शेयर खरिद नगरेमा सो अर्को पक्षलाई विक्री गर्ने व्यवस्था गर्नुपर्ने,

(१०) ऋणपत्र/भुक्तानीयोग्य अपरिवर्तनीय अग्राधिकार शेयरमा आर्जित व्याज लगानीकर्ताहरुलाई कहिले भुक्तानी गर्ने भन्ने विषयमा विवरणपत्रको "व्याज/लाभांस भुक्तानी गर्ने समय (Interest/Preferred Dividend Payment Timing)" शीर्षक अन्तर्गत स्पष्ट उल्लेख गर्नुपर्ने,

(११) ऋणपत्र/भुक्तानीयोग्य अपरिवर्तनीय अग्राधिकार शेयरमा आवेदन गर्ने प्रत्येक आवेदकलाई निजले आवेदन गरेको रकममा आवेदन गरेको मितिदेखि बाँडफाँड हुने दिनसम्मको अवधिका लागि प्रचलित बजारको दरले खण्डित अवधिको ब्याज (Broken Period Interest) प्रदान गर्नुपर्ने र सो विषयमा विवरणपत्रमा स्पष्ट उल्लेख गर्नुपर्ने,

(१२) ऋणपत्र/भुक्तानीयोग्य अपरिवर्तनीय अग्राधिकार शेयर भुक्तानी गरेपछि "भुक्तानी कोष (Redemption Reserve)" मा कुनै रकम बाँकी रहन गएमा त्यस्तो रकमलाई विशेष जगेडा (Special Reserve) हिसावमा सार्नुपर्ने ।

३. बैंक तथा वित्तीय संस्थाले आफ्नै मुद्दती निक्षेप रसिद (Fixed Deposit Receipt) को धितोमा मात्र कर्जा/सापट उपलब्ध गराउन सक्ने । अब उप्रान्त, कथंकदाचित अन्य बैंक तथा वित्तीय संस्थाको मुद्दती निक्षेप रसिदको धितोमा कर्जा/सापट उपलब्ध गराउनु परेमा वा नवीकरण गर्नुपरेमा समेत यस बैंकको पूर्व स्विकृति लिनुपर्नेछ ।

४. बैंक तथा वित्तीय संस्थाबाट प्रवाहित कर्जा/सापटमा त्रैमासिक रुपमा व्याज असुल गर्ने गरेको अवस्थामा निक्षेपकर्ताको बचतखातामा पनि कम्तीमा ३/३ महिनामा व्याज प्रदान गर्ने गरी जम्मा गराइदिनुपर्नेछ ।

५. बैंक तथा वित्तीय संस्थाले वित्तीय स्रोत परिचालन गर्दा आफ्नो कुल निक्षेप दायित्वको एक तिहाईभन्दा बढी सापटी रकम हुन नहुने व्यवस्था कायम गरिएको छ । तर "घ" वर्गको वित्तीय संस्थालाई भने यस बमोजिमको सीमा लागू हुने छैन ।

६. इ.प्रा.निर्देशन नं.६/०६१/६२ को संस्थागत सुशासन सम्बन्धी व्यवस्था अर्न्तगत रहेका अन्य व्यवस्थाहरुलाई यथावत कायम गरी बैंक तथा वित्तीय संस्थाका संचालकहरुले आफ्नो बारेमा यसैसाथ संलग्न स्वघोषणा (Self-Declaration) गरे/गराएको विवरण (अनुसूची १) सहितको जानकारी तथा सम्बन्धित संस्थाले आफ्ना संचालकहरुको सम्बन्धमा तयार गरेको दर्ता/लगत कितावको ढाँचा (अनुसूची २) सहितको विवरण यस बैंकमा पेश गर्नुपर्नेछ ।

भवदीय,

(नारायण प्रसाद पौडेल)
निर्देशक

<u>बोधार्थ :</u>

१. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
२. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
३. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा ।
५. श्री नेपाल राष्ट्र बैंक, जिल्ला स्थित कार्यालयहरु ।
६. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
७. श्री विकास बैंक तथा वित्तीय संस्था संघ नेपाल, बबरमहल, काठमाण्डौं ।
८. श्री नेपाल वित्त कम्पनी संघ, वागदरवार, विजनेस कम्प्लेक्स, काठमाण्डौं ।